**भारतको महावाणिज्य दूतावास**

**बीरगंज (नेपाल)**

**********

**<u>प्रेस विज्ञप्ति</u>**

आजादी का अमृत महोत्सव विशेष सप्ताह अन्तर्गत, भारतीय महावाणिज्य दूतावास द्वारा २५ डिसेम्बर २०२१ मा बीरगंजमा "साइकल ऱ्याली" को आयोजना गरियो। उक्त ऱ्यालीको सूरूवात कन्सुल जनरल नितेश कुमारज्यू द्वारा बिहान ७ बजे झण्डा देखाई गरिएको थियो । ऱ्यालीमा वाणिज्य दूतावासका सदस्य, स्थानीय जनप्रतिनिधि, पर्सा जिल्ला प्रशासनका पदाधिकारी, नेपाल प्रहरी, नेपाल एसबिआई बैंक, स्थानीय उद्योग तथा व्यवसायी, वीरगन्ज र बाराको साइक्लिङ क्लब तथा नागरिक समाज गरी करिब ६० जनाको सहभागिता रहेको थियो ।

वाणिज्य दूतावासबाट सुरु भएको ऱ्याली भारत–नेपाल सीमामा रहेको एकीकृत चेकपोष्टको मुख्य गेट, घण्टाघर र आदर्शनगर लगायत १६ किलोमिटरको बाटो हुँदै वाणिज्य दूतावासमा पुगी समापन भएको थियो ।

शारिरीक तन्दुरुस्ती, सहनशीलता निर्माण र सहभागीहरुबीच सुस्वास्थ्य प्रवर्द्धनमा जोड दिनुका साथै भारत र नेपालका जनताबीच आत्मीयता अभिवृद्धि गर्ने र दुई देशबीचको मैत्रीपूर्ण सम्बन्धलाई मजबुत बनाउने उद्देश्यले ऱ्यालीको आयोजना गरिएको थियो ।

बीरगंज (नेपाल)

डिसेम्बर २५,२०२१

********